# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, असार २९ गते, २०८२ साल (अतिरिक्ताङ्क १०

भाग १

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८२ सालको ऐन नं. ३

**केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८२ लाई प्रतिस्थापन गर्न बनेको ऐन, २०८२**

**प्रस्तावनाः** प्रचलित केही प्रदेश ऐनलाई तत्काल संशोधन गर्न वाञ्छनीय भएकोले, कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ मा संशोधनः** सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ कोः-

(१) दफा २ को खण्ड (ञ) पछि देहायको खण्ड (ट), (ठ) र (ड) थपिएको छ,-

"(ट) **"विकासकर्ता"** भन्नाले यस ऐन बमोजिमका कुनै परियोजनाको विकासमा स्वदेशी वा विदेशी आर्थिक वा अन्य यस्तै प्रकारको लगानी गर्ने लगानीकर्तालाई सम्झनु पर्छ।

(ठ) "**सम्झौता**" भन्नाले दफा ३ अनुसार परियोजना कार्यान्वयन गर्न विकासकर्तासँग गरिने परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता वा अन्य यस्तै प्रकारका लगानीकर्ता तथा साझेदार वा सम्बन्धित निकाय बिचमा परियोजना सम्बन्धमा सम्पन्न हुने द्विपक्षीय वा बहुपक्षीय सम्झौता समेतलाई सम्झनु पर्छ।

(ड) **"सम्भाव्यता अध्ययन"** भन्नाले परियोजना विकासकर्ताले कुनै परियोजनाका सम्बन्धमा गरेको प्रारम्भिक वा विस्तृत सम्भाव्यता अध्ययन वा विस्तृत परियोजना प्रतिवेदन वा परियोजनाको निर्माण गर्नको लागि गरिएको अन्य कुनै यस्तै प्रकारका प्रतिवेदन समेतलाई सम्झनु पर्छ।"

(२) दफा ३ को उपदफा (२) पछि देहायको उपदफा (३), (४), (५), (६), (७), (८) र (९) थपिएका छन्:-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"(३) प्रदेश सरकारको क्षेत्रभित्र परेका परियोजनाको विकासका लागि सम्भाव्यता अध्ययन गर्न चाहने विकासकर्ताले प्रस्ताव पेस गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रस्ताव तोकिए बमोजिम मूल्याङ्कन गरिनेछ र अध्ययनका लागि सर्भेक्षण अनुमतिपत्र प्राधिकरणले प्रदान गर्नेछ।

(५) प्रदेश सरकारको क्षेत्रभित्र परेका परियोजनाको विकासका लागि सम्भाव्यता अध्ययन गर्न सर्भेक्षण अनुमतिपत्र प्रदान गर्नु अघि तोकिए बमोजिमको कार्यसम्पादन जमानत तथा दस्तुर लिई प्राधिकरण र विकासकर्ता बिच तोकिए बमोजिमको सर्त र ढाँचामा समझदारी पत्र गर्नुपर्नेछ।

(६) सम्भाव्यता अध्ययनका लागि सर्भेक्षण अनुमतिपत्र प्राप्त गरेका विकासकर्ताले पेस गरेको प्रतिवेदन प्रचलित कानून तथा समझदारीपत्रको व्यवस्था अनुसार तोकिए बमोजिम मूल्याङ्कन गरी निर्णयको लागि प्राधिकरणमा पेस गर्नुपर्नेछ।

(७) उपदफा (३) बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदनसँग सम्बन्धित परियोजना नेपालको संविधान, प्रचलित संघीय कानून, प्रदेश कानून समेतका आधारमा प्रदेश सरकारबाट लगानी स्वीकृति तथा कार्यान्वयन गर्न सकिने भएमा सार्वजनिक निजी साझेदारी वा सहकारी वा निजी वा अन्य कुनै अवधारणाबाट तथा दफा ३१ बमोजिमको कुनै तरिकाबाट कार्यान्वयन हुने भए सोको निर्णय गरी प्राधिकरण र विकासकर्ता बिच तोकिए बमोजिमको सर्त र ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(८) उपदफा (३) बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदनसँग सम्बन्धित परियोजना नेपालको संविधान, प्रचलित संघीय कानून, प्रदेश कानून समेतका आधारमा प्रदेश सरकारबाट लगानी स्वीकृति तथा कार्यान्वयन गर्न नसकिने भएमा त्यस्तो परियोजना प्राधिकरणले प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेको सूची स्वीकृत गरी संघीय कानूनका व्यवस्थाका अधीनमा रही प्रदेश सरकार मार्फत

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

बोर्ड वा संघीय सरकारको सम्बन्धित निकायमा लगानी स्वीकृति तथा परियोजना कार्यान्वयनको लागि पठाउनेछ।

(९) उपदफा (८) बमोजिम बोर्ड वा संघीय सरकारको सम्बन्धित निकायबाट लगानी स्वीकृति तथा परियोजना कार्यान्वयनको स्वीकृति प्राप्त भएमा प्राधिकरणले विकासकर्तासँग सम्झौता गर्नेछ।

(३) दफा ४ को उपदफा (१) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) प्रमुख सचिव - सदस्य"

(४) दफा १३ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) कुनै परियोजनाको कामको सम्बन्धमा विशेषज्ञ वा विषयगत विज्ञ वा विज्ञ समूह वा विषयगत दक्षता भएको कुनै विज्ञ समूह आवश्यक भएमा प्राधिकरणले प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी वा प्राधिकरणले तोकेको मापदण्ड सहितको निर्देशिका बमोजिम त्यस्तो विज्ञ वा विज्ञ समूह समेतको परामर्श सेवा लिन सक्नेछ।"

(५) दफा १८ को उपदफा (१) को खण्ड (ढ) पछि देहायको खण्ड (ढ१), (ढ२) र (ढ३) थपिएका छन्ः-

"(ढ१) पोड वे, स्काई रेल, स्काई ट्रलीबस वा अन्य यस्तै प्रकारका आधुनिक सवारी साधन सञ्चालन सम्बन्धी वा विद्युतीय वा जैविक वा ग्याँस वा हाईड्रोजन उर्जाले सञ्चालन हुने यातायात साधन निर्माण गर्ने प्लाण्ट वा इन्धनबाट चल्ने सवारी साधनलाई विद्युतीय सवारीमा रुपान्तरण गर्ने परियोजना,

(ढ२) डाटा सेन्टर स्थापना वा सूचना प्रविधि सम्बन्धी परियोजना,

(ढ३) सार्वजनिक बसपार्क, व्यापारिक कम्प्लेस सम्बन्धी परियोजना वा कृषि वा वनजन्य उत्पादन वा प्रशोधन लगायतका सञ्चालन सम्बन्धी परियोजना,"

(६) दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"१९. **सार्वजनिक निजी साझेदारी (पिपिपि), निजी तथा सहकारी अवधारणाका परियोजनाको कार्यान्वयनः** (१) प्रदेश सरकारको क्षेत्राधिकारभित्र तथा प्रदेश स्तरमा विकास गरिने सार्वजनिक निजी साझेदारी (पिपिपि), निजी तथा सहकारी अवधारणाका परियोजनाको सम्भाव्यता अध्ययनको कार्य प्राधिकरणले गर्नेछ। त्यस्ता परियोजना प्रस्ताव आह्वानको माध्यमबाट प्रतिस्पर्धाका आधारमा विकासकर्ता छनौट गरी कार्यान्वयन गरिनेछ।

(२) सार्वजनिक निकायले पहिचान तथा सूची स्वीकृत नगरेका सार्वजनिक निजी साझेदारी (पिपिपि) तथा निजी अवधारणाका कुनै परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन तथा सम्भाव्यता अध्ययनको कार्य गरी परियोजना विकास गर्न चाहने विकासकर्ताले परियोजना आह्वान नगरिएका प्रस्ताव बमोजिम विकास गर्न चाहेमा त्यस्तो विकासकर्ता स्वयंले तोकिए बमोजिमको सर्त, दस्तुर र ढाँचामा प्राधिकरणमा निवेदन दिन सक्नेछ र त्यस्तो परियोजनाको कार्यान्वयन यस ऐन बमोजिम हुनेछ ।

(३) तोकिए बमोजिमको लागत अनुमान भएका सार्वजनिक निजी सहकारी साझेदारीमा निर्माण वा विकास गरिने परियोजनाको वा तोकिए बमोजिमको क्षमताका जलविद्युत आयोजनाको पहिचान, छनौट, अध्ययन, स्वीकृति, अनुमति तथा कार्यान्वयन वा इजाजत प्रदान गर्न र परियोजनाको लागि सूचना निकाल्ने, प्रतिस्पर्धा गराउने, वार्ता वा सम्झौता गर्ने, अनुगमन तथा सहजीकरण गर्ने कार्य सम्बन्धित मन्त्रालय वा सो मन्त्रालयले तोकेको प्रदेश सरकार अन्तर्गतको निकाय वा प्राधिकरणबाट हुनेछ र त्यस्ता परियोजनाको छनौट, सम्झौता र कार्यान्वयनको सहजीकरण प्राधिकरणले गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिम भन्दा कम लागत भएका परियोजना तथा तोकिए बमोजिम भन्दा कम क्षमता भएका जलविद्युत

आयोजनाको पहिचान गरी सूचीकृत गरेको परियोजनालाई प्रदेश सरकारको सम्बन्धित मन्त्रालय, निकाय वा कार्यालयले आपसी समझदारी पत्र तयार गरी परियोजनाको अध्ययन, अनुमति तथा कार्यान्वयन इजाजत प्रदान गर्नुको साथै कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउने, वार्ता वा सम्झौता गर्ने, अनुगमन सहजीकरण गर्ने कुनै पनि निकाय वा यस ऐन बमोजिम प्राधिकरणलाई अख्तियारी दिन वा जिम्मेवारी प्रदान गर्न सक्नेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश अन्तर्गतका कुनै स्थानीय तहले आफ्नो क्षेत्रभित्र पर्ने कुनै परियोजना विकास गर्नका लागि स्वीकृति प्रदान गरी प्राधिकरणमा पठाएमा त्यस्तो परियोजना कार्यान्वयनको लागि यस ऐन बमोजिम प्राधिकरणले निर्णय गर्न सक्नेछ।

(६) यस दफा बमोजिम परियोजना कार्यान्वयनको लागि नेपाल सरकारको मन्त्रालय वा अन्तर्गतको निकाय र प्रदेश सरकारको मन्त्रालय वा अन्तर्गतको निकायसँग सहकार्य तथा सम्पर्क आवश्यक भएमा सो सम्बन्धी कार्यको सम्पादन कार्यालय वा प्राधिकरण वा प्रदेश सरकारमार्फत हुनेछ।"

(७) दफा २० को सट्टा देहायको दफा २० राखिएको छः-

"२०. <u>वार्ताद्वारा परियोजना कार्यान्वयन सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययनको कार्य गराई ईच्छुक विकासकर्ताबाट परियोजना कार्यान्वयन गर्न सकिनेछः-

(क) प्रस्ताव आह्वान गरिएकोमा विकासकर्ता छनौट हुन नसकेको वा,

(ख) प्रदेश सरकारले प्राथमिकतामा राखेको वा,

(ग) प्रदेश योजना आयोगले प्राथमिकतामा राखेको वा,

(घ) प्रदेश सरकारको नीति तथा कार्यक्रममा परेको वा,

(ङ) विकासकर्ताले प्रारम्भिक अध्ययन गरी सम्पूर्ण खर्च आफैंले व्यहोर्ने सर्तमा विस्तृत सम्भाव्यता अध्ययन गर्न ईच्छुक भई प्राधिकरण समक्ष निवेदन दिएको परियोजना वा,

(च) कुनै कारणबाट वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न उपयुक्त देखी प्राधिकरणले निर्णय गरेको।

(२) उपदफा (१) बमोजिमका कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्न चाहने विकासकर्ता व्यक्ति, संस्था वा कम्पनीले अनुमतिको लागि सम्बन्धित निकाय वा प्राधिकरण समक्ष निवदेन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्ने अनुमति दिन मनासिब देखिएमा सम्बन्धित निकायले वा प्राधिकरणले निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न, गराउन अनुमति दिन सक्नेछ।

तर विदेशी लगानीको हकमा प्रचलित कानून बमोजिम संघीय सरकारको अनुमति लिई परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न वा गराउन अनुमति दिन सकिनेछ।

(४) उपदफा (३) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा, गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति, संस्था वा कम्पनी स्वयमले बेहोर्नु पर्नेछ।

(५) विस्तृत सम्भाव्यता अध्ययन गर्न वा गराउन अनुमति प्रदान गर्दा तोकिए बमोजिमको दस्तुर तथा कार्यसम्पादन जमानत लिई विकासकर्तासँग समझदारीपत्र सम्पन्न गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(६) उपदफा (५) बमोजिम समझदारी गरिएको विकासकर्ताले पेस गरेको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तोकिए वमोजिम कार्यालयले मूल्याङ्कन गरी प्राधिकरणमा पेस गरिनेछ।

(७) उपदफा (६) बमोजिम पेस भएको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राधिकरणले स्वीकृत गर्न सक्नेछ र विकासकर्तासँग वार्ता गर्न वार्ता टोली गठन गरी वार्ताद्धारा परियोजना कार्यान्वयन गर्न सम्झौता गर्न सक्नेछ र वार्तामा छलफलको बुँदागत नोट सम्झौतामा समावेश गरिनेछ।"

(८) दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः-

"२१. **परियोजनाको सम्भाव्यता अध्ययन तथा सूची प्रकाशन गर्नेः**

(१) यस ऐन बमोजिम परियोजनाको विकास सञ्चालन तथा कार्यान्वयनका लागि प्राधिकरणको निर्णयका आधारमा कुनै परियोजनाको तोकिएको कार्यविधि वा प्रचलित कानून बमोजिम परामर्श सेवा खरिद गरी परियोजनाको सम्भाव्यता अध्ययन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्भाव्यता अध्ययन गरिएका परियोजना प्रस्ताव आव्हान गर्ने प्रयोजन वा कुनै अवधारणा तथा अन्य तरिकाबाट यस ऐन बमोजिम विकास सञ्चालन तथा कार्यान्वयन गर्न कार्यालयले स्वीकृतिका लागि प्राधिकरणमा पेस गर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यालयले स्वीकृतिका लागि प्राधिकरणमा पेस गरेका परियोजना स्वीकृत भएमा कार्यालयले परियोजनाको सूची प्रकाशन गर्नु पर्नेछ।"

(९) दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छः-

"३०. **सम्झौता सम्पन्न गर्नेः** (१) यस ऐन बमोजिम प्रस्ताव स्वीकृत भएमा परियोजना कार्यान्वयनका लागि तोकिए बमोजिमका विवरण सम्बन्धित विकासकर्तासँग माग गरी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

वार्ता गरिनेछ र वार्ता सम्पन्न भएमा कार्यान्वयनका लागि तोकिए बमोजिमको सर्त र ढाँचामा सम्झौता गरी परियोजना कार्यान्वयनका लागि अनुमति प्रदान गरिनेछ।

(२) परियोजना कार्यान्वयनका लागि सम्झौता गर्दा सम्झौता अनुसार परियोजना सञ्चालनका लागि प्रचलित कानून अनुसार सञ्चालन अनुमतिपत्र वा कन्सेसन अवधि विकासकर्तालाई प्रदान गरिनेछ र त्यस्तो अनुमतिको अवधि सम्झौता अवधि भन्दा बढी हुन सक्ने छैन।

तर विशेष कारण देखिएमा आधार र कारण खोली त्यस्ता अनुमतिको अवधिको दश प्रतिशतसम्म बढाउन सकिनेछ।

(१०) दफा ३१ को उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

"(ङ) प्राधिकरणले तोकेको अन्य प्रक्रिया।"

(११) दफा ३६ को सट्टा देहायको दफा ३६ राखिएको छः-

"३६. **परियोजना स्वीकृति सम्बन्धी विशेष व्यवस्थाः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले सार्वजनिक रुपमा प्रस्ताव आह्वान गर्दा पनि प्रस्ताव छनौट नभएमा वा प्रदेश सरकारले प्रदेशको विशेष प्राथमिकता क्षेत्रको परियोजना भनी निर्णय गरेको कुनै परियोजनाको सम्भाव्यता अध्ययन गर्न तथा परियोजना विकास सञ्चालन तथा कार्यान्वयन गर्न इच्छुक विकासकर्तासँग निवेदन लिई सोझै वार्ताद्वारा अनुमति दिन र सम्झौता गरी निर्माण तथा सञ्चालनको स्वीकृति प्रदान गर्न सक्नेछ।"

(१२) दफा ३९ पछि देहायका दफा ३९क. र ३९ख. थपिएका छन्:-

"**३९क. जग्गा व्यवस्थापनः** (१) विकासकर्ताले परियोजनाका लागि आवश्यक जग्गाको व्यवस्थापन आफैं गर्नुपर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) विकासकर्ताले अनुरोध गरेमा कानुन बमोजिम परियोजनाको लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउन प्रदेश सरकारले सहजीकरण गरी व्यवस्था गर्न सक्नेछ।

३९ख. <u>सम्भाव्यता न्यून परिपूरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) को व्यवस्थाः</u> (१) प्रदेश सरकारले दीर्घकालीन रुपमा सकारात्मक प्रतिफल दिने तथा पूर्वाधार संरचनाको दृष्टिकोणले महत्वपूर्ण देखिएको तर वित्तीय क्षमताको दृष्टिकोणले तत्काल मनासिब प्रतिफल दिन नसक्ने परियोजनाको निर्माण, सञ्चालन तथा विस्तार गर्न आवश्यक देखिएमा विकासकर्तालाई सहयोग उपलब्ध गराउने प्रयोजनका लागि प्राधिकरणमा एक सम्भाव्यता न्यून परिपूरक (भायविलिटी ग्याप) कोषको स्थापना गर्नेछ र त्यस्तो कोषमा प्रत्येक वर्ष बजेट विनियोजन हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषबाट आवश्यक कोष सहितको निर्देशिका प्रदेश सरकारबाट स्वीकृत गराई प्राधिकरणले तोकेका परियोजनाको लागि आवश्यक रकम पूँजिगत तथा सञ्चालन अनुदान वा ऋण उपलब्ध गराउन सकिनेछ। त्यसरी उपलब्ध गराउँदा प्रतिफल प्राप्त हुन सक्ने विषयमा समेत ध्यान पुऱ्याउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) यस दफा बमोजिमको सम्भाव्यता न्यून परिपूरक (भायविलिटी ग्याप) कोषको व्यवस्था नभएसम्म लागि प्रदेश सरकारले निर्णय गरेका वा यस ऐन बमोजिम विकास गरिने उर्जा, भौतिक तथा पर्यटन पूर्वाधार जस्ता विकास निर्माणका दृष्टिले सम्भाव्य देखिएका परियोजनामा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय सहमति लिई सम्बन्धित मन्त्रालय वा प्राधिकरणले त्यस्ता परियोजनामा सार्वजनिक वा सामुदायिक वा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार सर्त तथा प्रक्रिया निर्धारण गरी लगानी गर्न सक्नेछ।"

(१३) दफा ४१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सार्वजनिक, निजी, सहकारी साझेदारीबाट कार्यान्वयन भएका परियोजना र सम्झौताको अवधि समाप्त भएपछि जुन तहको सरकारसँग सम्झौता भई कार्यान्वयन भएको हो सोही तहको सरकारको सम्बन्धित निकायलाई हस्तान्तरण गर्नुपर्नेछ।"

३. **<u>प्रदेश सहकारी ऐन, २०७६ मा संशोधनः</u>** प्रदेश सहकारी ऐन, २०७६ को,-

(१) दफा २ को खण्ड (ब) को सट्टा देहायको खण्ड (ब) राखिएको छः-

"(ब) "सहकारी संस्था" भन्नाले प्रारम्भिक सहकारी संस्थालाई सम्झनुपर्छ।"

(२) दफा १३ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ भएपछि बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता प्रचलित कानून बमोजिमको प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम स्थानीय तहमा मात्र हुनेछ।"

(३) दफा १८ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको वर्गीकरण दफा १३ को उपदफा (८) बमोजिम हुनेछ।"

(४) दफा २९ को उपदफा (१) मा रहेको "एक स्थानीय तहको" भन्ने शब्दहरू झिकिएका छन्।

(५) दफा ३८ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) कुनै पनि व्यक्ति कुनै एक सहकारी संस्थाको सञ्चालक समितिको अध्यक्ष वा उपाध्यक्ष वा सचिव वा कोषाध्यक्ष वा लेखा समितिको संयोजक पदमा दुई कार्यकाल भन्दा बढी अवधिको लागि निर्वाचित हुने छैन।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(६) दफा ४९ को सट्टा देहायको दफा ४९ राखिएको छः-

"४९. <u>**व्यक्तिगत बचत तथा ऋणको सीमाः**</u> (१) सहकारी संस्थामा व्यक्तिगत बचतको सीमा सम्बन्धित सहकारी संस्थाको प्राथमिक पुँजी कोषको दश प्रतिशत भन्दा बढी हुने छैन।

(२) सहकारी संस्थाको सदस्यलाई प्राथमिक पुँजी कोषको पन्ध्र प्रतिशत भन्दा बढी रकम ऋण प्रवाह गर्न सकिने छैन।

(३) उपदफा (१) बमोजिमको व्यक्तिगत बचतको सीमा प्रचलित कानून बमोजिम हेरफेर भएमा सोही बमोजिम हुनेछ।"

(७) दफा ४९ पछि देहायको दफा ४९क. थपिएको छ,-

"४९क. <u>**स्रोत खुलाउनु पर्नेः**</u> (१) सदस्यले सहकारी संस्थामा दश लाख रुपैंया भन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रुपमा त्यस्तो रकमको स्रोत खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सदस्यले स्रोत नखुलाएको बचत रकम सहकारी संस्थाले स्वीकार गर्ने छैन।"

(८) दफा ५८ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "शेयर पुँजीको अठार प्रतिशतभन्दा बढी" भन्ने शब्दहरूको सट्टा "शेयर पुँजीको पन्ध्र प्रतिशतभन्दा बढी" भन्ने शब्दहरू राखिएका छन्।

(९) दफा ९६ को उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) मन्त्रालयको सहकारी विषय हेर्ने महाशाखा प्रमुख - सदस्य सचिव"

(१०) दफा ९७ को खण्ड (ड) मा रहेका "संघ वा संस्थाको तर्फबाट" भन्ने शब्दहरू पछि "मुद्दा वा कानूनी कारबाही र" भन्ने शब्दहरू थपिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(११) दफा ९७ पछि देहायको दफा ९७क. थपिएको छः-

"९७क. **<u>विज्ञ टोली गठन गर्न सक्नेः</u>** (१) समस्याग्रस्त सहकारी संस्थाको दफा १०६ बमोजिमको सम्पत्ति तथा दायित्व व्यवस्थापन गर्ने प्रयोजनका लागि आवश्यक सेवा लिन व्यवस्थापन समितिले विज्ञ टोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विज्ञ टोलीको गठन तथा त्यस्तो विज्ञ टोलीको काम, कर्तव्य र अधिकार टोली गठन गर्दाका बखत व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम विज्ञ टोली गठन गर्दा प्रत्येक समस्याग्रस्त सहकारी संस्थाका लागि छुट्टाछुट्टै गठन गर्नु पर्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनका लागि विज्ञ टोली भन्नाले एक वा एक भन्दा बढी विषय विज्ञ रहने टोली सम्झनुपर्छ।"

(१२) दफा ९९ पछि देहायको दफा ९९क. थपिएको छ,-

"९९क. **<u>बचत रकम फिर्ता सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) प्रचलित कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्था वा दफा ८४ बमोजिम समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यले जम्मा गरेको पाँच लाख रुपैंया सम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नु पर्नेछ।

(२) सदस्यले जम्मा गरेको पाँच लाख रुपैंया भन्दा बढी बचतको हकमा सम्बन्धित संस्थाले एकै पटक भुक्तानी गर्ने अवस्था नभएमा मापदण्ड बनाई सदस्यको बचत रकम आनुपातिक रुपमा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) यस दफा बमोजिम बचत रकम फिर्ता गर्ने प्रयोजनको लागि सहकारी संस्था वा दफा ९६ बमोजिमको व्यवस्थापन समितिले त्यस्तो संस्थाको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्नु अघि सम्बन्धित ऋणीलाई सहकारी संस्थाको ऋण चुक्ता गर्न समय दिई सो अवधिभित्र ऋण चुक्ता नगरेमा त्यस्तो धितो सुरक्षण लिलाम बढाबढ गरी बिक्री गर्नु पर्नेछ। त्यस्तो धितो सुरक्षण बिक्री गर्दा ऋणीले तिर्नु पर्ने रकमभन्दा बढी रकम प्राप्त हुन आएमा ऋणीको रकम चुक्ता भई बाँकी रहेको रकम त्यस्तो ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(५) सहकारी संस्थाले घर, जग्गा वा अन्य मेशिनरी औजार वा उपकरण लिज वा भाडामा उपलब्ध गराए बापत प्राप्त हुने रकम असुल गरी त्यस्तो रकम बचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ।

(६) यस ऐन बमोजिम मुद्दा दायर भएको वा अन्य कुनै कारणले अदालत वा अन्य कुनै निकायमा सहकारी संस्थाको सम्पत्ति वा धितो सुरक्षण रोक्का भएको कारण त्यस्तो सम्पत्ति बिक्री गरी बचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्न नसकिएको र त्यस्तो सम्पत्ति वा धितो सुरक्षण बिक्री गरी बचतकर्ता सदस्यको बचत रकम फिर्ता हुने सुनिश्चित देखिएमा सहकारी संस्था वा दफा ९६ बमोजिमको व्यवस्थापन समितिले सम्बन्धित अदालत वा निकाय समक्ष रोक्का फुकुवाको लागि अनुरोध गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(७) उपदफा (६) बमोजिम अनुरोध भई आएमा सम्बन्धित अदालत वा निकायले अन्य कुनै कारणले रोक्का राख्नु नपर्ने भए त्यस्तो सम्पत्ति वा धितो सुरक्षणको रोक्का फुकुवा गरी दिनु पर्नेछ।

(८) यस दफा बमोजिम जोखिममा रहेका बचतकर्ताको बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि मापदण्ड र समयबद्ध फिर्ता कार्ययोजना बनाई बचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्नु पर्नेछ।"

(१३) दफा १०१ को सट्टा देहायको दफा १०१ राखिएको छ,-

"१०१. संस्था वा संघको सम्पत्तिबाट बेहोरिने: समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने सम्पूर्ण खर्च त्यस्तो संस्था वा संघको सम्पत्तिबाट बेहोरिनेछ।"

(१४) दफा १०३ पछि देहायको दफा १०३क. थपिएको छ,-

"१०३क. दाबी पेस गर्नु पर्ने: दफा १०३ बमोजिम सूचना प्रकाशन भएपछि सूचनामा तोकिएको समयभित्र समस्याग्रस्त सहकारी संस्थाका सदस्य, बचतकर्ता, साहु तथा लगानीकर्ता बैंक तथा वित्तीय संस्थाले आफ्नो पाउनु पर्ने रकमको दाबी पेस गर्नु पर्नेछ।"

(१५) दफा १०९ को उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छ,-

"तर व्यवस्थापन समितिको काममा बाधा नपर्ने गरी मन्त्रालयको पूर्व स्वीकृतिमा अन्यत्र कार्य गर्न असर पर्ने छैन।"

(१६) दफा १२९ मा रहेको "अदालतमा मुद्दा चलाउन" भन्ने शब्दहरूपछि "तथा मिलापत्र सम्बन्धी कार्य गर्न" भन्ने शब्दहरू थप गरिएका छन्।

(१७) दफा १२९ पछि देहायको दफा १२९क. थपिएको छ,-

"१२९क. मिलापत्रका लागि निवेदन दिन सक्ने: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समस्याग्रत सहकारी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

घोषणा भएका सहकारी संस्थासँग नेपाल सरकार वादी भई चलेका सम्बन्धित मुद्दामा मिलापत्र गर्न पीडित जाहेरवालाको तर्फबाट समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सम्बन्धित अदालतमा निवेदन दिई मिलापत्र गर्न सक्नेछ र त्यसरी गरेको मिलापत्र पीडितले गरेको सरह मानिनेछ।"

४. <u>प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ मा संशोधनः</u> प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को,-

(१) दफा ७ पछि देहायका दफा ७क. थपिएको छः-

"७क. <u>विशेष पर्यटक सवारीः</u> (१) छिमेकी मुलुकका पर्यटक मात्र सीमा क्षेत्रबाट चढाएर प्रदेश सरकारले तोकेको प्रदेशभित्र वा अन्य प्रदेशका पर्यटकीय गन्तव्यसम्म प्रत्यक्ष (डाइरेक्ट) सवारी सेवाको सञ्चालन गर्न प्रदेश सरकार वा मातहतको यातायात व्यवस्था कार्यालयबाट अनुमति प्रदान गर्नेछ र त्यस्ता सवारी साधन खरिदमा सहुलियत र सवारी दर्ता, नवीकरण दस्तुर र सवारी करमा प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिम छुट दिन सक्नेछ र आर्थिक ऐनमा व्यवस्था नभएको भए प्रदेश सरकारले निर्णय गरी त्यस्तो सहुलियत र छुट दिन सक्नेछ ।

(२) डिजेल पेट्रोलको सट्टा ग्रीन हाइड्रोजनबाट चल्ने सवारी साधन खरीदमा सहुलियत, दर्ता, नवीकरण र सवारी करमा आर्थिक ऐनमा व्यवस्था भए बमोजिम छुट दिन सक्नेछ र आर्थिक ऐनमा व्यवस्था नभएको भए प्रदेश सरकारले निर्णय गरी अनुदान वा छुट वा सहुलियतको सुविधा प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रत्यक्ष (डाइरेक्ट) सेवाको पर्यटक सवारीले बीच बाटोबाट कुनै यात्री तथा सरसामान चढाउन तथा ओराल्न पाउने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(४) उपदफा (३) विपरीत कार्य गर्ने सवारीलाई प्रत्येक पटक पाँच हजार रुपैयाँ जरिबाना गरी त्यसको अभिलेख राखिनेछ।

(५) उपदफा (४) बमोजिमको सवारीले तीन पटक भन्दा बढी उपदफा (३) विपरीतको कार्य गरेमा पटकै पिच्छे थप पाँच हजार जरिवाना लाग्नेछ।

तर एक वर्षमा छ वा सो भन्दा बढी पटक उपदफा (३) विपरीतको कार्य गरेमा अनुमति खारेज गर्न सकिनेछ।

(६) विशेष पर्यटक सवारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) दफा ८ को उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थपिएको छः-

"(४) उपदफा (२) मा जनसुकै कुरा लेखिएको भए तापनि निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चार पाङ्ग्रे तथा दुइ पाङ्ग्रे सवारीले छुट्टै अनुमति पत्र लिई फरक सवारी संकेत राखी तोकिएको प्रक्रिया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्री बीमा गरी यात्री ओसारपसार (राइड सेयरीङ्ग) गर्न सक्नेछन्।

(५) उपदफा (४) बमोजिमको सवारी साधनको दर्ता, नवीकरण, जाँचपास र बाटो इजाजत लगायत आवश्यक व्यवस्था प्रदेश सरकारले स्वीकृत गर्ने कार्यविधि बमोजिम हुनेछ।"

(३) दफा १४ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन पाङग्रे ई-रिक्साको दर्ता, नवीकरण, बाटो इजाजतपत्र र नियमन तोकिए बमोजिम हुनेछ।"

(४) दफा १४ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तीनपाङग्रे अटो, ई-रिक्सा जस्ता सवारी साधन प्रचलित कानुन बमोजिम दर्ता गर्दै आइरहेकोमा सडक सुरक्षामा थप खतरा वा मानवीय जिउधनको क्षति हुने देखिएमा त्यस्ता सवारी साधनका सम्बन्धमा अवधि तोकी मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी दर्ता तथा सञ्चालनको अनुमति दिने कार्यलाई निश्चित समयका लागि रोक लगाउन सक्नेछ।"

(५) दफा २७ को उपदफा (१) मा रहेको "सरुवा सहमति दर्ता गर्दा सरुवा सहमति दर्ता पन्ध्र वर्ष" भन्ने शब्दहरूको सट्टा "सरुवा सहमति दर्ता गर्दा बिस वर्ष" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा ३३ को उपदफा (४) पछि देहायको उपदफा (४क.) र उपदफा (४ख.) थपिएको छः-

"(४क.) कर छुट प्राप्त सवारीले दर्ताको प्रमाणपत्र पाँच वर्षसम्म एकै पटक नवीकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने कर र नवीकरण दस्तुर लिई नवीकरण गर्न सकिनेछ। यसरी नवीकरण गर्दा सवारी साधनमा लाग्ने दस्तुरमा दश प्रतिशत छुट दिइनेछ।

(४ख.) कर छुट नभएका सवारीले दर्ताको प्रमाणपत्र पाँच वर्षसम्म एकै पटक नवीकरण गराउन चाहेमा उपदफा (४क) बमोजिम छुट सुविधा प्राप्त गर्न सक्नेछन्।"

तर पाँच वर्षको एकै पटक नवीकरण गराउँदा सम्बन्धित सवारीको तोकिए बमोजिमको आयु नबढ्ने गरी नवीकरण गर्नु पर्नेछ।

(७) दफा ४३ को उपदफा (१) मा रहेको "पैतिस दिनभित्र" भन्ने शब्दहरूको सट्टा "साठी दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा ४३ को उपदफा (३) झिकिएको छ।

(९) दफा ४९ को उपदफा (१) मा रहेको "त्यसरी लिइने परीक्षाको विषय ऐन बमोजिमको परीक्षा समितिले तोकिदिए बमोजिम हुनेछ। भन्ने शब्दहरूको सट्टा "त्यसरी लिने परीक्षाको विषय परीक्षा सञ्चालन प्रक्रिया यस ऐन, ऐन अन्तर्गतको नियम वा निर्देशिका बमोजिम

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कोशी प्रदेश

परीक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।" भन्ने शब्दहरू राखिएका छन् ।

(१०) दफा ५० को उपदफा (४) मा रहेको "दश पटक" भन्ने शब्दहरूको सट्टा "पाँच पटक" भन्ने शब्दहरू राखिएका छन्।

(११) दफा ५५ को उपदफा (१) मा रहेको "तीन महिनाभित्र" भन्ने शब्दहरूको सट्टा "नब्बे दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(१२) दफा ६१ को उपदफा (१) रहेको "चालक अनुमति पत्र" भन्ने शब्दहरू पछि "को कुनै विवरण सच्याउन परेमा," भन्ने शब्दहरू थपिएका छन्।

(१३) दफा ६५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) दफा ६४ बमोजिम योग्य नभएको व्यक्तिले कुनै सार्वजनिक सवारीमा परिचालकको काम गर्नको लागि परिचालक अनुमतिपत्र लिन चाहेमा तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ। यसरी निवेदन दिँदा तोके बमोजिमको दस्तुर र दस्तुर नतोकिएको भएमा तीन सय रुपैँया बुझाउनु पर्नेछ।"

(१४) दफा ६६ को उपदफा (१) मा रहेको "सम्बन्धित स्थानीय तहले तोकिए बमोजिमको ढाँचामा परिचालक अनुमतिपत्र दिनु पर्नेछ र त्यसको जानकारी सम्बन्धित यातायात व्यवस्था कार्यालयमा र" भन्ने शब्दहरूको सट्टा "अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको ढाँचामा परिचालक अनुमतिपत्र दिनु पर्नेछ र त्यसको जानकारी" भन्ने शब्दहरू राखिएका छन्।

(१५) दफा ६७ को उपदफा (२) मा रहेको "स्थानीय तहले" भन्ने शब्दहरूको सट्टा "अधिकार प्राप्त अधिकारीले" भन्ने शब्दहरू राखिएका छन्।

(१६) दफा ७० को सट्टा देहायको दफा ७० राखिएको छः-

"७०. <u>परिचालक अनुमतिपत्र खारेज हुने</u>ः दफा ६४ मा लेखिए बमोजिम कुनै अयोग्य परिचालक भएको प्रमाणित भएमा

सम्बन्धित कार्यालयले त्यस्तो परिचालकको परिचालक अनुमतिपत्र खारेज गर्न सक्नेछ।"

(१७) दफा ७१ को उपदफा (१) मा रहेको "सम्बन्धित स्थानीय तहको कार्यालयले" भन्ने शब्दहरूको सट्टा "अधिकार प्राप्त अधिकारीले" भन्ने शब्दहरू राखिएका छन्।

(१८) दफा ७८ को उपदफा (२) मा रहेको "पन्ध्र दिन" भन्ने शब्दहरूको सट्टा "सात दिन" भन्ने शब्दहरू राखिएका छन्।

(१९) दफा ८९ को उपदफा (२) मा रहेको "छ महिनासम्मको लागि हुनेछ" भन्ने शब्दहरूको पछि देहायको शब्दहरू थपिएको छः-
"तर ई-रिक्साको जाँचपासको प्रमाणपत्रको मान्यता एक वर्षसम्मको लागि हुनेछ।"

(२०) दफा ९० को उपदफा (१) मा रहेको "मन्त्रालयको" भन्ने शब्द झिकिएको छ।

(२१) दफा ९१ को,

(१) उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएको छः-

"(१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापक सार्वजनिक यातायात सेवाको नाम पञ्जीकृत गर्न इच्छुक भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक यातायात सेवाको नाम पञ्जीकृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पञ्जीकृत गर्न चाहने सवारी धनी वा व्यवस्थापक वा सवारी धनीको प्रतिनिधिले त्यस्तो सेवा पञ्जीकरणको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकारी प्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।"

(२) उपदफा (३) मा रहेको "मन्त्रालयको अधिकार प्राप्त अधिकारीले स्वीकृति लिनुपर्नेछ" भन्ने शब्दहरूको सट्टा "अधिकार प्राप्त अधिकारीले सोही बेहोराको निवेदन लिई तत्काल स्वीकृति दिनुपर्नेछ" भन्ने शब्दहरू कायम गरिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२२) दफा ९२ को उपदफा (२) र (३) मा रहेको "मन्त्रालयको अधिकार प्राप्त अधिकारी" भन्ने शब्दहरूको सट्टा "अधिकार प्राप्त अधिकारी" भन्ने शब्दहरू कायम गरिएका छन् ।

(२३) दफा १३४ मा रहेको "देब्रे किनारा" भन्ने शब्दहरूको सट्टा "दायाँ किनारा" भन्ने शब्दहरू राखिएका छन्।

(२४) दफा १५० को दफा शीर्षकमा रहेको "निर्देशनालयको काम, कर्तव्य र अधिकार" को सट्टा "मन्त्रालयको काम, कर्तव्य र अधिकार" भन्ने शब्दहरू राखिएका छन्।

(२५) दफा १६६ पछि देहायको दफा १६६क. थपिएको छः-

"१६६क. <u>सहकार्य तथा साझेदारी गर्न सक्ने</u>ः (१) प्रदेश सरकारले संघीय वा अन्य प्रदेश सरकार वा कुनै स्थानीय तहसँगको सहकार्य वा निजी क्षेत्रसँगको साझेदारीमा प्रदेश भरी वा अन्तर प्रदेशस्तरमा सार्वजनिक यातायातका सवारी साधनहरू सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहकार्य तथा साझेदारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(२६) <u>रुपान्तरः</u> यस ऐनको ठाउँठाउँमा रहेका "स्थानीय तहको कार्यालय वा सम्बन्धित स्थानीय तहको कार्यालयमा वा सम्बन्धित स्थानीय तहले" भन्ने शब्दहरूको सट्टा "अधिकार प्राप्त अधिकारीले" भन्ने शब्दहरू, "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द, "मन्त्रालयको अधिकार प्राप्त अधिकारी" भन्ने शब्दहरूको सट्टा "अधिकार प्राप्त अधिकारी" भन्ने शब्दहरू र "प्रदेश नम्बर एकको" भन्ने शब्दहरूको सट्टा "कोशी प्रदेशको" भन्ने शब्दहरू राखी रुपान्तर गरिएको छ।

५. **<u>प्रदेश भवन ऐन, २०७६ मा संशोधनः</u>** प्रदेश भवन ऐन, २०७६ को दफा १० को सट्टा देहायको दफा १० राखिएको छः-

"१०. <u>प्रोत्साहन गर्नेः</u> सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारीमा व्यापारिक, व्यवसायिक र सेवामुलक भवन निर्माण गर्न प्रदेश निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण मार्फत सञ्चालन हुने परियोजनालाई

सार्वजनिक निजी सहकारी साझेदारी प्राधिकरण ऐन, २०७६ बमोजिमको सेवा सुविधा उपलब्ध हुन सक्नेछ।"

६. <u>**पर्यटन विकास ऐन, २०७६ मा संशोधनः**</u> पर्यटन विकास ऐन, २०७६ को दफा ३८ को उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छः-

"(९) यस दफामा प्रदेश कानुन बमोजिम पूर्वाधारको विकास गरी सञ्चालन गरिएका पर्यटकीय क्षेत्रको शुल्क, दस्तुर तोकिए बमोजिम हुनेछ।"

७. <u>**प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ मा संशोधनः**</u> प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को,-

(१) दफा २ को खण्ड (फ) पछि देहायको खण्ड (ब) थपिएको छः-

"(ब) स्टार्टअप उद्यम भन्नाले दफा ४क. बमोजिमको स्टार्टअप उद्यम सम्झनु पर्छ।"

(२) दफा ४ पछि देहायको दफा ४क. थपिएको छः-

"४क. <u>**स्टार्टअप उद्यमको दर्ता सम्बन्धी व्यवस्थाः**</u> (१) कुनै फर्म वा कम्पनीले कुनै वस्तु वा सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण तथा सिर्जनशील सोचको प्रयोग गरी व्यवसायिक रूपमा सञ्चालन गरेको देहाय बमोजिमका उद्यमलाई यस ऐन बमोजिम उद्यम दर्ता गर्ने निकायले स्टार्टअप उद्यमको रूपमा दर्ता गर्न सक्नेछः-

(क) नयाँ कम्पनी, निजी फर्म वा साझेदारी फर्मको रूपमा दर्ता भएको,

(ख) वस्तु वा सेवाको उत्पादनमा नवीन सोच र प्रविधि प्रयोग भएको,

(ग) छिटो स्तरोन्नतिको सम्भावना भएको,

(घ) खण्ड (क) बमोजिम दर्ता भएको मितिले दश वर्षको अवधि ननाघेको, र

(ङ) दर्ता पश्चात् कुनै आर्थिक वर्षको कारोबार पन्ध्र करोड रूपैयाँभन्दा बढी नभएको।

(२) उपदफा (१) बमोजिमको स्टार्टअप उद्यमलाई प्रवर्द्धन गर्न प्रदेश सरकार वा स्थानीय तहले आफै वा निजी सार्वजनिक साझेदारीमा उद्यम सम्वर्द्धन केन्द्र (बिजिनेश इक्युवेशन सेन्टर) सञ्चालन गर्न सक्नेछ।

(३) स्टार्टअप उद्यमको नियमन त्यस्तो उद्यमको दर्ता गर्ने निकायबाट हुनेछ।

(४) उपदफा (१) बमोजिम स्टार्टअप उद्यम दर्ता गर्ने निकायले सो सम्बन्धी विवरण छुट्टै अभिलेख तयार गरी राख्नु पर्नेछ।

(५) स्टार्टअप उद्यमको दर्ता तथा सञ्चालन र उद्यम सम्बर्द्धन केन्द्र (बिजिनेश इक्युवेशन सेन्टर) को सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(३) दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भनी तोकेका उद्योगले तोकिएको अवधि भित्र वातावरणीय अध्ययनको प्रक्रिया शुरूवात गर्नु पर्नेछ र सो सम्बन्धी प्रतिवेदन स्वीकृत भएपछि मात्र त्यस्तो उद्योग स्थापना, सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्नेछ। "

(४) दफा ७ को उपदफा (३) मा रहेका "पुँजी वृद्धि" भन्ने शब्दहरू झिकिएका छन्।

(५) दफा २९ पछि देहायको दफा २९क. थपिएको छः-

"२९क. <u>थप सुविधा तथा सहुलियतः</u> (१) यस ऐन बमोजिम स्थापना भएको उद्योगले स्वीकृत कच्चा पदार्थ खपतको क्षमता अनुसार कच्चा पदार्थ प्रयोग गर्दा खेर जाने कच्चा पदार्थ (जर्ति) को मापदण्ड संघीय ऐनको व्यवस्था विपरीत नहुने गरी मन्त्रालयले तोक्न सक्नेछ।

(२) स्टार्टअप उद्यमलाई प्रदेश सरकार वा स्थानीय तहले प्रोत्साहन, छुट, सहुलियत वा वित्तीय वा गैरवित्तीय सुविधा प्रदान गर्न सक्नेछ।"

(६) दफा ३३ को सट्टामा देहायको दफा ३३ राखिएको छः-

"३३. **जग्गा सम्बन्धी व्यवस्थाः** यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैंले खरिद गर्नु पर्नेछ।

तर तोकिए बमोजिमका उद्योग सञ्चालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन अनुरोध गरेमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित मन्त्रालय मार्फत त्यस्तो अनुरोध प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्नेछ र प्रदेश सरकारले त्यस्ता उद्योगलाई प्रदेश कानून बमोजिम आवश्यक जग्गा उपलब्ध गराउन सक्नेछ।

(७) दफा ५१ को उपदफा (१) सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) समान उद्देश्य लिइ प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगले एक आपसमा करार (कन्ट्रयाक्ट) वा उपकरार (सबकन्ट्रयाक्ट) गरी वस्तु वा सेवा उत्पादन गर्न वा गराउन सक्नेछन् ।"

(८) अनुसूची-१ को क्रमसङ्ख्या १५ पछि देहायको क्रमसङ्ख्या १६ थपिएको छः-

"१६. घरेलु मदिरा उत्पादन गर्ने उद्योग ।"

(९) अनुसूची-३ को क्रमसङ्ख्या २९ पछि देहायको क्रमसङ्ख्या ३० थपिएको छः-

"३०. कृषि प्रविधि तथा यान्त्रिकीकरण।"

(१०) अनुसूची-७ को क्रमसङ्ख्या २४ को ब्याट्री रिचार्जिङ्ग पछि "विद्युतीय सवारी चार्जिङ्ग स्टेशन, डिजेल पेट्रोल र ग्यासबाट सञ्चालन हुने सवारीलाई विद्युतीय सवारीमा रुपान्तरण गर्ने उद्योग" र क्रमसङ्ख्या ३३ को ड्राइक्लिनिङ व्यवसाय पछि "कपडा धुने (लण्ड्री) सेवा" भन्ने शब्दहरू थपिएका छन्।

८. **कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ मा संशोधनः** कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ को,-

(१) दफा २ को,-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) खण्ड (ट) को "निर्मित वस्तु वा सेवा खरिद बिक्री वा विनिमयका लागि" भन्ने शब्दहरू पछिको "उद्योग" भन्ने शब्द झिकिएको छ।

(ख) दफा २ को खण्ड (ड) को "प्रचलित कानून बमोजिम स्थापना गरिएको कम्पनी" भन्ने शब्दहरू पछिको "उद्योग" भन्ने शब्द झिकिएको छ।

(२) दफा १० को उपदफा (१) को "व्यापार व्यवसाय प्रारम्भ गरेको" भन्ने शब्दहरू पछि रहेको "पैतीस दिन" भन्ने शब्दहरूको सट्टामा "दुइ महिना" भन्ने शब्दहरू राखिएका छन्।"

(३) दफा १३ को उपदफा (३) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) लेखापरीक्षण प्रतिवेदन आवश्यक पर्ने फर्मको हकमा पछिल्लो लेखापरीक्षण प्रतिवेदन।"

९. <u>**कोशी प्रदेश वन ऐन, २०७७ मा संशोधनः**</u> कोशी प्रदेश वन ऐन, २०७७ को,-

(क) दफा १५ को उपदफा (१) मा रहेको "सार्वजनिक निजी साझेदारीमा" भन्ने शब्दहरू पछि "बोटबिरुवाजन्य फलफूल र" भन्ने शब्दहरू थपिएका छन्।

(ख) दफा १५ को उपदफा (२) मा रहेको "उपदफा (१) बमोजिम साझेदारीमा गरिने" भन्ने शब्दहरू पछि "बोटबिरुवाजन्य फलफूल र" भन्ने शब्दहरू थपिएका छन्।

(ग) दफा १५ को उपदफा (२) मा रहेको "तर त्यसरी उपलब्ध गराउँदा जडिबुटीसँग मिल्ने जातको रुख रोप्ने, हुर्काउने र बढाउने गरी सर्त तोकिए बमोजिम सम्झौता गर्नुपर्नेछ" भन्ने शब्दहरूको सट्टा "तर त्यसरी उपलब्ध गराउँदा सर्त तोकी सम्झौता गर्नु पर्नेछ।" भन्ने शब्दहरू राखिएका छन्।

(१) दफा ५१ पछि देहायको दफा ५१क. थप गरिएको छः-

"५१क. <u>वन क्षेत्रको प्रयोगमा रूख कटान सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश सरकारले सम्बन्धित डिभिजन वन कार्यालयलाई काटिनु पर्ने

रुखको संख्या र जात यकिन गरी सम्बन्धित मन्त्रालयलाई पठाउन निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशन प्राप्त भएको मितिले बढीमा तीन महिनाभित्र काटिने रुखको संख्या, जात र स्थान लगायतका सबै विवरण सम्बन्धित मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष विस्तृत प्रतिवेदन पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भए पश्चात प्रदेश सरकारले तत्काल आवश्यक निर्णय गर्नेछ।

(४) उपदफा (१) बमोजिम रुख कटानको लागि वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिँदा कुनै व्यक्ति वा समुदायलाई कुनै हानी नोक्सानी हुने भएमा प्रचलित कानून बमोजिम क्षतिपूर्तिको व्यवस्था गरिदिनु पर्नेछ।

**प्रमाणीकरण मितिः- २०८२/०३/२९**

**आज्ञाले,**
**भोजराज दाहाल**
**नि.प्रदेश सचिव**

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश